# लुम्बिनी साझेदारी वन उपभोक्ता समूह
## कञ्चन ५, रुपन्देही

पत्र संख्या : ०८१/०८२
च.न :- १५८

मिति : २०८२/०९/०७ गते

### विषय : शिलवन्दी बोलपत्र आव्हानको सूचना !!!

प्रस्तुत विषयमा यस लुम्बिनी साझेदारी वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन योजना बमोजीम पुनरुत्पादन कटान हुने सव कम्पार्टमेन्ट **C3S1,** दोस्रो र्किङ युनिट ठेक्का नं. ३ तथा ठेक्का नं. ५ ढलापडा प्लटको छपान तेरिज अनुसारको रुख (काठ दाउरा) कटान, मुछान गरी संकलन गर्ने कार्यको लागि ठेक्का दिनु पर्ने भएकोले शिलवन्दी बोलपत्रद्वारा घटाघट गरी ठेक्कामा लिई कार्य सञ्चालन गर्न काठ व्यवसाय गर्ने उदेश्यले दर्ता भएका इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले निम्न शर्तहरुको अधिनमा रही निम्नानुसार शिलवन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१) काठ दाउरा कटान मुछान तथा संकलन गर्ने कार्य लुम्बिनी साझेदारी वनको पुनरुत्पादन कटान गरिने सव कम्पार्टमेन्ट ठेक्का नं. ३, **C3S1** दोस्रो वर्किङ युनिटका छपान तेरिज अनुसारको रुख ३०४ थान (काठ १०१८३.४२ क्यु.फि. तथा दाउरा ४०.४५ चट्टा) तथा ठेक्का नं. ५, ढलापडा प्लटको छपान तेरिज अनुसारको रुख २२० थान (काठ १६१९५.६० क्यु.फि. तथा दाउरा ३४.६४ चट्टा) गरी जम्मा रुख ५२४ को काठ **२६३७९.०१ क्यु.फि. र दाउरा ७५.०९ चट्टा आँफुले कबुल गरेको दररेटमा कटान मुछान गरी घाटगद्दी गर्नु पर्नेछ ।**

तपसिलः

| ठेक्का नं | सव कम्पाटमेन्टं | छपान रुख संख्या | छपान मुल्यांकन | | | लगत अनुमान (मु.अ.कर वाहेक) |
|---|---|---|---|---|---|---|
| | | | जम्मा आयतन (क्यु.फिं) | काठ (क्यु.फिं) | दाउरा चट्टा | |
| ३ | C3S1_Working Unit 2 | ३०४ | २३६६६.६३ | १०१८३.४२ | ४०.४५ | २१११४८९.१२ |
| ५ | Dhalapada | २२० | २७७४३.७२ | १६१९५.६० | ३४.६४ | २८९९५३७.७६ |
| | जम्मा | ५२४ | ५१४१०.३५ | २६३७९.०१ | ७५.०९ | ५०११०२६.८८ |

काठदाउरा संकलन हुने क्षेत्र र घाटगद्दी बिचको दुरी : ०-५ कि.मि. ।
संकलन खर्च : काठ प्रति क्यु.फि. रु. १४६/- र दाउरा प्रति चट्टा रु. १५४४४/- को दरले मु.अ.कर बाहेक ।

२) **बोलपत्र खरिद:** बोलपत्र प्राप्त गर्न चाहने व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले प्रस्तुत सूचना प्रकाशित भएको मिति २०८२/०९/०७ (राष्ट्रिय दैनिक, मेचीकाली सन्देश (वर्ष २६, अंक ८) ले ३० औं दिन मिति २०८२/१०/०६ गते सम्म कार्यालय समय भित्र नेपाली नागरिकताको प्रमाणपत्र, कारोवार दर्ता प्रमाण, मु.अ. कर दर्ता प्रमाण, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र समेत संलग्न राखी बोलपत्रको लागि रु. ३०००/- तिरि (फिर्ता नहुने) यस लुम्बिनी साझेदारी वन उपभोक्ता समूह, कार्यान्वयन ईकाइको कार्यालय, फायरलाईन तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट प्राप्त गर्न सकिने छ ।

३) **बोलपत्र दाखिला:** निवेदक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले मिति २०८२/१०/०७ गते कार्यालय समय भित्र बोलपत्र खरिद गरेको निकायमा बोलपत्र दाखिला गर्न सकिने छ । जसको नामबाट बोलपत्र खरिद गरिएको छ सौहि नाममा बोलपत्र दाखिला हुनु पर्नेछ ।

राजेन्द्र प्रसाद चौधरी
अध्यक्ष
लुम्बिनी साझेदारी वन उपभोक्ता समूह

# लुम्बिनी साझेदारी वन उपभोक्ता समूह

## कन्चन ५, रुपन्देही

पत्र संख्या : ०८१/०८२

४) बोलपत्र जमानत वापत बोलपत्र साथ स्वीकृत लागत अनुमानको २.५% ले हुन आउने ठेक्का नं. ३ को रकम रु. ५२७८८/- तथा ठेक्का नं. ५ को रकम रु. ७२४८९/- नगद वा यस समूहको राष्टिय बाणिज्य बैंक, भैरहवा शाखाको खाता नं. ३०८०१००००५२७७००१ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला हुने अन्तिम दिनवाट कम्तिमा १२० दिन अवधिको बाणिज्य बैंक वा वितिय संस्थाले जारी गरेको सो रकम बरावरको बोलपत्र जमानत राख्नु पर्नेछ।

५) ठेक्का सकार गर्ने व्यक्ति वा निकायले प्रत्येक प्लटमा गर्नुपर्ने कामको कवोल अंकको १० प्रतिशत धरौटी वा जमानत राख्नु पर्नेछ।

६) बोलपत्र खाममा शिलवन्दी गरी खामको वाहिर शिलवन्दी संख्या, शिल संकेत बोलपत्र दाताको पुरा नाम थर, वतन, सम्पर्क ठेगाना र सम्पर्क फोन नं. तथा लुम्बिनी साझेदारी वनको काठ, दाउरा कटान तथा संकलन कार्यको बोलपत्र उल्लेख गरी शिलवन्दी खाम पेश गर्नु पर्ने छ। अधुरो तथा अस्पष्ट ठेगाना उल्लेख भई पत्राचार गर्दा फरक परेमा कार्यालय जवाफदेहि हुने छैन।

७) **बोलपत्र खोल्ने:** म्याद भित्र पर्न आएका शिलवन्दी बोलपत्रहरु मिति २०८२/१०/०९ गते दिनको २:० बजे कार्यालय प्रतिनिधि र बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन।

८) बोलपत्र दाताले बोलपत्र पेश गर्दा आफूले कबोल गरेको रकम केरमेट नगरी अंक र अक्षरमा स्पष्ट वुझिने गरि लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

९) बोलपत्र खरिद/दाखिला/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो लगत्तै पछिको कार्यालय खुल्ने दिनमा सोहि बमोजिम हुनेछ।

१०) बोलपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्बन्धि सम्पुर्ण अधिकार साझेदारी वन व्यवस्थापन समितिमा निहित रहने छ। कारणवस बोलपत्र स्विकृत नभएमा वा नेपाल सरकारबाट अन्य कुनै व्यवस्था भएमा बोलपत्र दाताले अन्यथा दावि गर्न पाउने छैन।

११) म्याद भित्र करारनामा गर्न नआउने/कार्य सञ्चालन शुरु नगर्ने बोलपत्र दाताको धरौटी जफत गरी प्रचलित कानून बमोजीम गरिनेछ।

१२) वन पैदावार कटान, मुछान, घाटगद्दी गर्ने सम्वन्धमा वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका २०७३ मा भएको व्यवस्था मान्य हुनेछ। म्याद नाघि आएको वा रित नपुगेको बोलपत्र उपर कुनै कारवाहि हुने छैन।

१३) उत्पादन भएको काठदाउराको परिमाण बमोजिम हुन आउने रकम मात्र भुक्तानी गरिने छ।

१४) यस सूचनामा उल्लेख भए जतिमा सूचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र यस सम्बन्धमा आकर्षित हुने प्रचलित कानुन वमोजिम हुनेछ।

१५) सूचना वमोजिम बोलपत्र पेश गरी सके पछि सूचनाका शर्त सम्वन्धमा उठाईने कुनै विवाद स्वतः अमान्य हुनेछ।

१६) सूचनमा कुनै त्रुटी भए त्रुटी सत्याउने अधिकार साझेदारी वन व्यवस्थापन समितिलाई हुनेछ।

१७) यस सम्बन्धि केहि थप कुरा बुझ्नु परेमा लुम्बिनी साझेदारी वन व्यवस्थापन समितिको कार्यालय, कन्चन ५, रुपन्देहीमा सम्पर्क राख्न सकिनेछ।

राजेन्द्र प्रसाद चौधरी
अध्यक्ष
लुम्बिनी साफेदारी वन उपभोक्ता समूह
कन्चन-५, रुपन्देही